# संघीय आकस्मिक कोष ऐन, २०७४

प्रमाणीकरण तथा प्रकाशित मिति
२०७४।४।२९

संवत् २०७४ सालको ऐन नं. ९

**प्रस्तावना** : आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "संघीय आकस्मिक कोष ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **संघीय आकस्मिक कोषको स्थापना** : संघीय आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ।

४. **संघीय आकस्मिक कोषमा जम्मा गरिएको रकम** : संघीय सञ्चित कोषबाट एक करोड रुपैयाँ झिकी त्यस्तो रकम संघीय आकस्मिक कोषमा जम्मा गरिएको छ।

५. **संघीय आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संघीय आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. **संघीय आकस्मिक कोषको सञ्चालन** : संघीय आकस्मिक कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

७. **संघीय आकस्मिक कोषको रकम खर्च गर्न सक्ने** : नेपाल सरकारले संघीय आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ।

८. **खर्चको रकम सोधभर्ना गर्नु पर्ने** : नेपाल सरकारले दफा ७ बमोजिम संघीय आकस्मिक कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ।

९. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

१०. **खारेजी र बचाउ** : (१) आकस्मिक कोष ऐन, २०१६ खारेज गरिएको छ।

(२) आकस्मिक कोष ऐन, २०१६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) आकस्मिक कोष ऐन, २०१६ बमोजिम स्थापना भएको आकस्मिक कोषमा रहेको रकम यो ऐन प्रारम्भ भए पछि स्वतः संघीय आकस्मिक कोषमा सर्नेछ।